## कार्यपालिका बैठक संख्या - १८९ औं बैठक

आज मिति २०८२।१०।१९ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिमनिर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं.१ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं.२ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं.३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं.५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं.६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | — |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | — |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| | मोहन ढकाल | स्वास्थ्य अधिकृत | |
| | भबिन पल्ली मगर | सब- इन्जिनियर | |
| | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | |

**बैठकका एजेन्डा:**

१) अघिल्लो १८८ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा,
२) संघीय समपुरक र विशेष अनुदानका आयोजनाहरु छनौट सम्बन्धमा,
३) वडागत कामको कार्य विवरण सम्बन्धमा,
४) सडक बोर्डको पत्र सम्बन्धमा,
५) विविध:
 क) राहत
 ख) भिडियो डकुमेन्ट्री निर्माण सम्बन्धमा
 ग) आवास सुविधा सम्बन्धमा

**निर्णयहरु:**

१) अघिल्लो १८८औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गतेको प्रकाशित संघीय समपुरक र विशेष अनुदानका आयोजनाहरुको प्रस्ताव पेश गर्ने सूचना अनुसार पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल संघीय समपुरक र विशेष अनुदानका आयोजनाहरुको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**संघीय समपुरक अनुदानका आयोजना :**

| क्र.स. | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | ५ न. वडा खल्लुकभन्ज्याङ - विर्ताबजार गाउँपालिका केन्द्र जोड्ने सडक स्तरोन्नति (बहुवर्षीय) | **रु. ५,४०,००,०००/-** | |

उपरोक्त माग गरिएको समपुरक आयोजनाको लागि आवश्यक पर्ने स्थानीय तहको साझेदारी अनुपात ४० प्रतिशत बराबर हुन आउने रकम रु. १६२०००००/- (अक्षेरुपी एक करोड बैसठी लाख मात्र) श्रोत सुनिश्चितताको लागि सर्वसम्मत निर्णय गरियो ।

**संघीय विशेष अनुदानका आयोजना :**

| क्र.स. | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | विद्यालयहरुलाई ICT कक्षा कोठा व्यवस्थापन कार्यक्रम | **रु.१,३५,००,०००/-** | |
| २ | खरको छाना विस्तापन कार्यक्रम | **रु. १,०५,७०,०००/-** | |

३) पूर्वखोला गाउँपालिका अन्तर्गत रहेका ६ वटै वडाबाट प्रदान गर्ने सेवाहरु र सम्झौता भएका, सम्पन्न हुन बाकीं योजनाको बारेमा छलफल गरी सम्पन्न हुन बाकीं योजनाहरु यथाशिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

४) सडक बोर्ड नेपाल मिनभवन काठमाडौँ च.न.६७९ मिति २०८२/०९/२८ गतेको पत्रद्वारा जानकारी भएको पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि प्राप्त भएको रु.५,००,०००/-(अक्षेरुपी पाँच लाख मात्र) सडक मर्मत संभारमा खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

५) विविध:

क) राहत सम्बन्धमा :

पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिल ब्यक्तिहरुले दिएको निवेदनमा छलफल गर्दा तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

तपसिल:

| क्र.स. | ब्यक्ति/संस्थाको नाम | ठेगाना | राहत माग रकम | उपलब्ध गराएको राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | विन बहादुर चिदी | पूर्वखोला-१, सिलुवा | २५ MM को ५०० मिटर | २५ MM को २५० मिटर | |
| २ | संजय गाहा | पूर्वखोला-३ रिङ्नेरह | रु.५०००/- | रु.५०००/- | बाघले २ वटा बाख्रा खाएको |
| ३ | पूर्वखोला-३ रिङ्नेरह वडा कार्यालय | पूर्वखोला-३ रिङ्नेरह | रु. ६१२७४.५० | रु. ६१२७४.५० | पूर्वखोला-३ रिङ्नेरह वडा कार्यालय नयाँ भवनमा सर्दा भवन सरसफाई तथा रङ्गरोगन |
| ४ | शालिकराम आचार्य | पूर्वखोला-३ रिङ्नेरह | १) ९ देखि १० मिटर को स्थानमा पाइप २) ८५ मिटर भल पानी निकासा पाइप ३) ४५ मिटर सिंचाई कुलो | प्राविधिक दुर्ग बहादुर घर्तीलाई इस्टिमेट तयार गर्न लगाइ इस्टिमेट बमोजिम उपलब्ध गराउने | |
| ५ | उद् बुद्ध मा.वि. कक्षा ७ मा अध्ययनरत विद्यार्थी पुष्पा ठाडा | पूर्वखोला-३ रिङ्नेरह | रु.८०००/- | रु.८०००/- | घरको आर्थिक अवस्था कमजोर रहेको साथै आमा बुबा अपाङ्ग भएको |

नुन बहादुर थापा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उद् बुद्ध मा.वि. कक्षा मा अध्ययनरत विद्यार्थी मिना ठाडा | पूर्वखोला-३ रिङ्नेरह | रु.९०००/- | रु.९०००/- | |
| ७ | श्री जन उज्ज्वल आधारभूत विद्यालय | पूर्वखोला-३ रिङ्नेरह | भलिबल खेल मैदानमा फलामे पोल, भलिबल र जाली | भलिबल खेल मैदानमा फलामे पोल, भलिबल र जाली | |
| ८ | सुनिता दमै | पूर्वखोला-३ रिङ्नेरह | आर्थिक सहायता रू.५०००/- | आर्थिक सहायता रू.५०००/- | आर्थिक अवस्था कमजोर भएको |
| ९ | घनश्याम न्यौपाने | पूर्वखोला-३ रिङ्नेरह | २० MM को १५० मिटर खानेपानी पाइप | २० MM को ७५ मिटर खानेपानी पाइप | |
| १० | पूर्वखोला गाउँपालिका वडा न.५ वडा कार्यालय | पूर्वखोला-५, विरकोट | २० MM को ६० मिटर | २० MM को ६० मिटर | |

ख) पूर्वखोला गाउँपालिकाको पर्यटकीय स्थलको प्रचारप्रसार र गाउँपालिका तथा वडाको योजना, कार्यक्रम तथा गतिविधि बाहिर ल्याउन गाउँपालिकाका बिभिन्न कार्यक्रमहरु संमेटिने वृत्तचित्र बनाउनको लागि माडी भ्यू मिडिया प्रा.लि. तानसेन,पाल्पासँग सम्झौता गरी कार्यक्रम अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

ग) गाउँपालिकामा कार्यरत् कर्मचारीहरु मध्ये स्थानीय बाहेक अन्यत्रबाट आई गाउँपालिकामा कार्य गरिरहेका अधिकृत सातौं तह वा सो भन्दा माथिका कर्मचारीहरुलाई गाउँपालिकाको नवनिर्मित भवनमा रहेका कोठामा व्यवस्थापन गर्ने गरी आवास सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत